आज मिति २०८१ साल आषाढ०७ गतेका दिन दिउसो १.०० बजे यस ठाँटीकाँध गाउँपालिकाको ३६ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यूको अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

उपस्थिति

| क्र सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र कामी | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १३ | श्री मिठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १४ | श्री रमेश वि. क. | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि. क. | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| | | आमन्त्रित कर्मचारीहरु | | |
| १ | श्री नेम बहादुर खत्री | योजना अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री लोकेन्द्र बहादुर भण्डारी | आ. प्र. शाखा प्रमुख | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री हरि बहादुर शाही | सूचना प्रविधि अधिकृत | ठाँटीकाँध गापा दैलेख | |

CamScanner

मिति २०८१/०३/०७ गतेको ३६ औं गाउँ कार्यपालिका वैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

प्रस्ताव नं. १

आगामी आ ब २०८१।८२ का लागि वार्षिक नीति कार्यक्रम र वजेट स्वीकृत गरी पारितका लागि गाउँसभाको १५ औं अधिवेशनमा पेश गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.२

ठाँटीकाँध गाउँपालिकाको आर्थिक विधेयक २०८१ र विनियोजन विधेयक २०८१ स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.३

कम्प्यूटर अप्रेटर उमेश शाहीले दोहोरो जिम्मेवारी वहन गरे वापत् माग गरेको थप प्रोत्साहन रकम सम्वन्धमा ।

प्रस्ताव नं.४

आयोजना व्यवस्थापन खर्च शीर्षकमा कट्टी गरी राखिएको रकम खर्च सम्बन्धमा ।

प्रस्ताव नं ५

शिक्षा तर्फको एकमुष्ठ अनुदान रु १० लाख सम्बन्धमा ।

प्रस्ताव नं.६

हावाहुरीवाट छाना उडाएका विद्यालयहरुको मर्मत सुधार गरी पठनपाठन सुचारु गर्ने सम्वन्धमा ।

प्रस्ताव नं.७

जग्गा रजिष्ट्रेशन पारित नगरी निर्माण भएका सरंचना सम्बन्धमा ।

प्रस्ताव नं.८

दैलेख उद्योग वाणिज्य संघ सहयोग माग सम्बन्धी निवेदनका सम्बन्धमा ।

प्रस्ताव नं. ९

गाउँसभा संचालन गर्दा निती कार्यक्रम तथा वजेट तर्जुमा संग सम्बन्धित कर्मचारीहरू लाई सुविधा थप सम्बन्धमा ।

प्रस्ताव नं. १०


सडक मर्मत सुधारको रकम सम्बन्धमा

प्रस्ताव नं. ११

दैनिक ज्याला दारीमा कार्यरत ईन्जिनियरिंग सेवाका प्राविधिकहरुको ज्याला भुक्तानी सम्वन्धमा ।

प्रस्ताव नं. १२

विद्युत पोल तथा तार जडान गर्दाको ज्याला भुक्तानी सम्बन्धमा।



CamScanner

निर्णयहरु :

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा पालिका स्तरीय बजेट तथा कार्यक्रम तर्जुमा समितिले स्वीकृत गरी पेश गरेको आगामी आ.ब. २०८१।०८२ का लागि वार्षिक नीति कार्यक्रम र आय व्यय अनुमान वार्षिक बजेट अनुमोदन गरी पारितका लागि गाउँसभाको १५ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा ठाँटीकाँध गाउँपालिकाको आर्थिक विधेयक, २०८१ र विनियोजन विधेयक, २०८१ स्वीकृतिका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं.३ माथि छलफल गर्दा_कम्प्यूटर अप्रेटर उमेश शाहीले दोहोरो जिम्मेवारी वहन गरे वापत् २०८० फाल्गुन देखि २०८१ असार सम्म मासिक रु १२ हजारका दरले थप प्रोत्साहन रकम कन्टेन्जेन्सि रकम बाट भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. ४

प्रस्ताव नं.४ माथि छलफल गर्दा आयोजना व्यवस्थापन खर्च शीर्षकमा कट्टी गरी राखिएको रकम बाट प्राविधिकहरुको फिल्ड भत्ता, प्राविधिक कर्मचारी सम्झौता अनुसारका ज्याला रकम , गाउँ सभा संचालनमा वढी खटिने कर्मचारीहरुको थप सुविधा र पूर्वाधार विकास शाखामा आवश्यक उपकरण लगायतका प्रशासनिक खर्च गरी ६० प्रतिशत पूँजीगत र ४० प्रतिशत चालु खर्चमा खर्च गर्ने निर्णय गरियो।

निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा चालु आ ब मा शिक्षा तर्फको एकमुष्ठ अनुदान रु १० लाख सरस्वती आ वि वजाय लाई दिदै आएकोमा निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं.६ माथि छलफल गर्दा २०८०।०२।२३ गते आएको हावाहुरीबाट छाना उडाएका तपशिलका विद्यालयहरुको मर्मत सुधार गरी पठनपाठन सुचारु गर्नेका लागि लागत अनुमान स्वीकृत गरि विपद व्यवस्थापन कोष बाट खर्च गर्ने निर्णय गरियो।

| सि.नं. | विध्यालयको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | श्री धर्मभक्त आ वि सिराडी | १ | मुचुल्का भएका |
| २ | श्री जनता आ वि पिपलचौतारा | २ | मुचुल्का भएका |
| ३ | श्री दुर्गादिवि आ वि खुडखुडी | ३ | मुचुल्का भएका |
| ४ | श्री देउती मा वि गैरागाउँ | ४ | मुचुल्का भएका |
| ५ | श्री कालिका आ वि धनकोट | ४ | मुचुल्का भएका |

| | | | |
|---|---|---|---|
| ६ | श्री शुक्र प्रा वि जौचौर | २ | मुचुल्का भएका |
| ७ | श्री गंगालाल आ वि कोसेडी | १ | मुचुल्का भएका |
| ८ | श्री जनता आ वि डांग्र | ३ | मुचुल्का भएका |
| ९ | श्री जन आ वि भुवाखाडा | ३ | मुचुल्का भएका |

निर्णय नं ७

प्रस्ताव नं.७ माथि छलफल गर्दा जग्गा रजिष्ट्रेशन प्राप्ती नगरी निर्माण भएको वडा नं. २ वडा कार्यालयको भवन निर्माण गर्दा सम्बन्धित जग्गा धनीहरुसंग जग्गा लिने दिने करारनामा गरि गाउँ कार्यपालिकाको कार्यालय र उपभोक्ता समिति विच सम्झता भई १ तले हवाई ढलान समेत भईसकेको र पेश्कि समेत गईसकेको, उक्त भवनको लागत अनुमान काम सम्पन्न गरि भुक्तानी माग गरेको सन्दर्भमा छलफल हुँदा प्राविधिक मूल्यांकनका आधारमा भईसकेको कामको यथार्थ खर्च भुक्तानी गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णण गरियो ।

निर्णय नं ८

प्रस्ताव नं.८ माथि छलफल गर्दा दैलेख उद्योग वाणिज्य संघ ले आयोजना गरेको जिल्ला स्तरीय महोत्सवका लागि रु २५ हजार रकम विविध खर्च शिर्षक बाट दिने निर्णय गरियो।

निर्णय नं ९

प्रस्ताव नं.९. माथि छलफल गर्दा गाउँसभा संचालन गर्दा निती कार्यक्रम तथा वजेट तर्जुमा गर्दा वढी खट्नुपर्ने तपशिलका कर्मचारीहरु लाई १ महिना बराबरको तलब भत्ता रकम सुविधाको रुपमा कन्टेन्जेन्सि रकम बाट दिने निर्णय गरियो ।

| सि.नं. | कर्मचारीको नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | |
| २ | नेम बहादुर खत्री | अधिकृत छैटौं | |
| ३ | नेत्र बहादुर थापा | शिक्षा अधिकृत छैटौं | |
| ४ | हरि बहादुर शाही | सूचना प्रविधि अधिकृत | |
| ५ | लोकेन्द्र बहादुर भण्डारी | लेखापाल | |
| ६ | सारदा रावत | सहायक पाँचौ | |

निर्णय नं १०

प्रस्ताव नं. १० मा छलफल गर्दा निम्न सडकहरुको मर्मत कार्यको सम्पन्न भईसकेकोले स्रोत पहिचान गरि भुक्तानीका लाग पेश गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१.कोसेडी नदाई सडक मर्मत वडा नं. १

२. बगुरा भैरव स्थान सडक मर्मत वडा नं. २

३. चौर कालिमाटी सडक मर्मत वडा नं. ३

४.कुवा थिङ्गलथान सडक मर्मत वडा नं. ३

५. कृष्ण मा वि भवनमा जाली लगाउने कार्य वडा नं. १

६.लामामेला गुवायलसिम देउलेसिम सडक मर्मत कार्य वडा नं. ६

निर्णय नं ११

प्रस्ताव नं. १० मा छलफल गर्दा दैनिक ज्यालादारीमा शंकर तिरुवा लाई २०८०।११।०१ देखि २०८१।०२।३२ सम्म र अन्य ज्यालादारीका प्राविधिकहरु समेत लाई सम्झौता भएका मिति देखि २०८१ जेष्ठ मसान्त सम्म दैनिक ज्याला रकम भुक्तानी गर्ने सो उपरान्तको सम्झौता नगर्ने निर्णय गरियो ।

निर्णय नं १२

ठाटीकाँध गाउँपालिका वडा नं. ३ मा धामीगाउँ विद्यालय देखि चाखा घर हुँदै वाहाकोट सम्म विद्युतीकरणका लागि जडान भएका पोल तथा तार सडक निर्माण गर्ने क्रममा छेद विछेद हुन गएकाले सो को मर्मतका लागि प्राविधिक लागत अनुमान र मूल्यांकनका आधारमा ज्याला रकम आवश्यक विलभरपाईका आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

CamScanner